# नेपाल राजपत्र

नेपाल सरकारद्धारा प्रकाशित

## हातहतियार खरखजाना ऐन, २०१९ लाई संशोधन गर्न बनेको अध्यादेश

ना : हातहतियार खरखजाना ऐन, २०१९ लाई संशोधन गर्न वाञ्छनीय भएको र हाल व्यवस्थापिका-संसदको अधिवेशन नभएकोले,

नेपाल सरकारले नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ बमोजिम यो अध्यादेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस अध्यादेशको नाम "हातहतियार खरखजाना (दोस्रो संशोधन) अध्यादेश, २०६४" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. हातहतियार खरखजाना ऐन, २०१९ मा संशोधन : हातहतियार खरखजाना ऐन, २०१९ (यस पछि "मूल ऐन" भनिएको) को दफा २० को,-

(१) उपदफा (१) मा रहेका "एक्काईस हजार" भन्ने शब्दहरुको सट्टा "पचास हजार" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "२ वर्षसम्म कैदै वा छ हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "पाँच वर्षसम्म कैद वा पाँच हजारदेखि पच्चीस हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (३) मा रहेका "छ महिनासम्म कैदै वा पन्ध्रसय रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "छ महिनादेखि तीन वर्षसम्म कैद वा पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल ऐनको दफा २१ मा संशोधन : मूल ऐनको दफा २१ को,-

(१) उपदफा (१) मा रहेका "छ महिनासम्म कैदै वा पन्ध्रसय रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "छ महिनादेखि तीन वर्षसम्म कैद वा पाँच हजारदेखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) मा रहेका "दुई महिनासम्म कैदै वा पाँचसय रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरुको सट्टा "दुई महिनादेखि छ महिनासम्म कैद वा एक हजारदेखि पाँच हजार रुपैयाँसम्म जरिवाना" भन्ने शब्दहरु राखिएका छन् ।